## बैठक नं. ३०

आज मिति २०८० साल पौष ४ गते बुधबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री राज कुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| ५ | क.अ. | श्री अकिल अमात्य | |
| ६ | नगर प्रमुख सचिवालय | श्री रविन नकर्मी | |

<u>प्रस्तावहरु</u>

१) कक्षा ८ को परीक्षा सञ्चालन र व्यवस्थापन कार्यविधि सम्वन्धी।
२) कीर्तिपुर नगरपालिकाको भू-उपयोग कार्यविधि सम्वन्धमा।
३) कभर्ड हलको छेउमा रहेका कोशेली घरका सटरहरु भाडामा दिने सम्बन्धमा ।
४) अन्य वडालाई वालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा ।
५) आगामी माघ २ गते मनाईने राष्ट्रिय भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।
६) कीर्तिपुरको परम्परागत सात गाउँले जात्रामा सार्वजनिक बिदा दिने सम्बन्धमा ।
७) आगामी नगर सभाको मिति तोक्ने सम्बन्धमा ।
८) हनुमानघाटको तरकारी बजार सञ्चालन सम्बन्धमा ।
९) वडा नं. १ को वडा कार्यालयको प्रशासकीय भवन सम्बन्धमा ।
१०) जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजनासंगको सम्झौता बमोजमको बजेट व्यवस्थापन सम्बन्धमा।
११) विविध ।

निर्णय नं. १

यस नगरपालिकाभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने कक्षा ८ का विद्यार्थीहरुको परीक्षा व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्न बैठकमा पेश हुन आएको "आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

कीर्तिपुर नगरपालिकाको भू-उपयोग कार्यविधिको मस्यौदा सम्बन्धमा मिति २०८०/०३/०१ गते बसेको २० औं कार्यपालिकाको बैठकको निर्णायानुसार वडा कार्यालयहरु मार्फत सर्वसाधारणको जानकारी एवं राय माग गरिएकोमा सबै वडा कार्यालयबाट प्राप्त राय, सुझाव समेतका आधारमा "कीर्तिपुर नगरपालिकाको भू-उपयोग कार्यविधि, २०८०" स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकाको वडा नं. १० मा अवस्थित कभर्डहल छेउमा रहेको कोशेली घरका १२ वटा सटरहरु मासिक भाडामा दिने सम्बन्धमा हाललाई ५ (पाँच) वटा सटरहरु मात्र भाडामा दिने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिकाको वडा नं. ७ लाई वालमैत्री वडा घोषणा गरिसकिएको र बाँकी वडाहरुलाई वालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा क्रमशः सबै वडाहरुको सूचक/पूर्वाधार पूरा भएपश्चात एकमुष्ट रुपमा कीर्तिपुर नगरपालिकालाई वालमैत्री स्थानीय तह घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

आगामी मिति २०८० पौष ६ गते शुक्रबार कीर्तिपुर नगरपालिका क्षेत्रमा मनाइने परम्परागत सात गाउँले (न्हेगाँ) जात्राको अवसरमा कीर्तिपुर नगरपालिका क्षेत्रभित्र सार्बजनिक बिदा दिने निर्णय गरियो ।

निर्णय नं. ६

आगामी चौथो नगरसभाको हिउँदे अधिबेशन यही पौष २५ गते बुधवार देखि आरम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

कीर्तिपुर नगरपालिका वडा नं. ९ हनुमानघाटमा अवस्थित तरकारी बजार मिति २०७७/१२/२५ को ९ नं. वडा कार्यालयसंग भएको सम्झौता बमोजिम सबि कृषि फर्मले सञ्चालन गर्दै आएकोमा सो सम्बन्धी कृषकहरूबाट प्राप्त गुनासो र स्थलगत निरीक्षण गर्दा समेत सम्झौता कार्यान्वयन नभएको पाईएकोले सो सम्झौता आवश्यक प्रकृया पूरा गरी खारेजी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका वडा नं. १ लायकुमा अवस्थित १ नं. वडा कार्यालयको निर्माणाधिन प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा जिल्ला संमन्वय समिति काठमाडौंबाट हालसम्म रकम प्राप्त हुन नसकेको, नगरपालिकाले व्यहोर्नु पर्ने अंश वापतको रकम हालसम्म भुक्तानी दिई सकेको, निर्माण व्यवसायीले तेस्रो रनिङ बील पेस गरेकोमा हालसम्म भुक्तानी हुन नसकेको र योजनाको म्याद थपका लागि पत्राचार समेत भएको सन्दर्भमा वैठकमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) योजनाको कार्यप्रगती र कार्यतालिकाको आधारमा प्राविधिक प्रतिवेदन लिई म्याद थप गर्ने ।
ख) जिल्ला समन्वय समिति काठमाडौंबाट रकम प्राप्त भएपछि सोधभर्ना गर्ने गरी तेस्रो रनिङ बील वापतको रकम भुक्तानी दिनका लागि बजेटको आवश्यक व्यबस्था गर्ने अख्तियारी नगर प्रमुखलाई दिने ।
ग) जिल्ला समन्वय समिति काठमाडौंबाट प्राप्त गर्नु पर्ने बजेट प्राप्तिका लागि आवश्यक पहल गर्ने ।
घ) उक्त भवन निर्माण स्थलको जग्गा प्राप्त गर्न वा लिजमा लिनका लागि प्रकृया अगाडी वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ९

जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजनासंगको सम्झौता वमोजम वडा नं. ४ को चम्पादेवी क्षेत्रमा कीर्तिपुर-चन्द्रागिरी साईकल मार्ग स्तरोन्नती र वडा नं. १० ऐतिहासिक चिलंन्चो शौन्दर्यकरण योजनाहरुमा नगरपालिकाको तर्फवाट व्यहोर्नु पर्ने अंश वापतको रकम रु २७,८०,०००।- मा नपुग रकम विनियोजन ऐन, २०८० को पूर्वाधार विकास क्षेत्र तर्फको सिं.नं. १३७ भौतक पूर्वाधार निर्माण (कार्यपालिकाले तत्काल आवश्यक देखिने स्थानमा कार्य गर्ने) शिर्षकवाट रु ७,८०,०००।- र ऐतिहासिक चिलंन्चो परिसरमा तेलिया ईटा छपाई योजनावाट रु २०,००,०००।- खर्च गर्ने गरी योजना सञ्चालन गर्ने निर्णय गरीयो ।

निर्णय नं. १०

नेपाल पर्यटन बोर्डको च.नं. ४/पसवि/२०८०/०८१ मिति २०८०/०८/१२ को पत्रबाट जालापादेवी क्षेत्र पूर्वाधार निर्माण कार्यक्रम कार्यान्वयनका लागि बोर्डको तर्फबाट रु १०,००,०००।- विनियोजन भएको र कुल लागतको कम्तिमा २० प्रतिशत वजेट (म्याचिङ फण्ड) छुटयाई सोको निर्णय बोर्डलाई उपलब्ध गराउन भनी लेखी आएको सम्बन्धमा छलफल हुँदा विनियोजन ऐन, २०८० को ६ नं. वडाको वडास्तरीय बजेटको पूर्वाधार विकास क्षेत्र तर्फ जालपादेवी मन्दिर स्तरोन्नती शीर्षकमा विनियोजित रकम रु ५,००,०००।- म्याचिङ फण्डमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ११

मिति २०८०/०७/२४ को २९ औं कार्यपालिकाको निर्णयानुसार यस कार्यालयको महिला तथा वालवालिका शाखामा कार्यरत महिला विकास निरीक्षक श्री पवित्रा परियारको माग अनुसार मिति २०८०/०७/१२ देखि

२०८१/०२/११ गते सम्म प्रसुती बेतलबी बिदा स्वीकृत भएकोमा निजले हाल उक्त बिदा आवश्यक नभएको भनी सो बिदा रद्दका लागि निबेदन दिनु भएको हुँदा निजामती सेवा नियमावली २०५० को नियम (६५) को (४) अनुसार बिदा रद्द गरी सम्बन्धित कर्मचारीलाई हाजिरी गराई कामकाजमा लगाउने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u>

कीर्तिपुर नगरपालिका भरि खाल्डा खुल्डी रहित कीर्तिपुर बनाउनका लागि सडकमा रहेका खाल्डा खुल्डी पुर्न आवश्यक पर्ने रोलर मेसिन खरिद गर्ने निर्णय गरियो ।